**आकाशवाणी समाचार- नेपाली**

मितिः ०७ जुलाई २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आतंककारीहरू विरुद्ध प्रतिबन्ध लगाउन कुनै हिचकिचाहट हुनु नहुने बताउनु भयो।

- रक्षामंत्री राजनाथ सिंह आज नयाँ दिल्लीमा नियंत्रक सम्मेलनको शुभारंभ गर्नुहुनेछ।

- जम्मूको भगवती नगर यात्री निवास आधार शिविरबाट आज आठ हजार छ सय पांच श्रद्धालुहरुको छैटौं जत्था कडा सुरक्षा बीच श्रीअमरनाथ यात्राका लागि प्रस्थान गरेको छ।

- इस्राइल अनि हमासका शिष्टमंडलले कतारमा संघर्ष विराममाथि बातचीत शुरू गरेको छ।

- एन्डरसन-तेंडुलकर ट्रफीको दोस्रो क्रिकेट टेस्टमा भारतले आयोजक इङ्गल्याण्डमाथि ३३६ रनको ऐतिहासिक जित दर्ता गरेको छ।

**प्रधानमन्त्री-शान्ति सुरक्षा**

प्रधानमन्त्री नरेन्द्र मोदीले आतंककारीहरू विरुद्ध प्रतिबन्ध लगाउन कुनै हिचकिचाहट हुनु नहुने बताउनु भयो। उहाँले भन्नुभयो आतंकवादका पीडितहरू र यसलाई समर्थन गर्नेहरूलाई एउटै तहमा राख्न सकिँदैन। ब्राजिलमा ब्रिक्स शिखर सम्मेलनमा शान्ति र सुरक्षा सत्रलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो आतंकवाद आज मानवताले सामना गरिरहेको सबैभन्दा गम्भीर चुनौती हो। प्रधानमन्त्रीले भन्नुभयो अप्रिल २२ मा पहलगाम आतंकवादी हमला भारतको आत्मा, पहिचान र मर्यादामाथि प्रत्यक्ष आक्रमण थियो। उहाँले आतंकवादलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा समर्थन गर्ने देशहरूले यसको मूल्य चुकाउनुपर्ने बताउनु भयो। प्रधानमन्त्रीले ब्रिक्स देशहरू एकसाथ आउनुपर्ने र आतंकबादलाई समर्थन गर्नेहरू विरुद्ध आवाज उठाउनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो भारत दृढ विश्वास गर्छ कि परिस्थिति जतिसुकै जटिल भए पनि, मानवताको कल्याणको लागि शान्तिको मार्ग एक मात्र विकल्प हो। विश्वमा युद्ध र हिंसाको लागि कुनै ठाउँ हुनु हुँदैन किनभने मानवताको विकास शान्तिपूर्ण र सुरक्षित वातावरणमा मात्र सम्भव छ। उहाँले यो लक्ष्य प्राप्त गर्न ब्रिक्स देशहरूको भूमिका धेरै महत्त्वपूर्ण रहेको बताउनुभयो।

**ब्रिक्स सम्मेलन-आतंकवाद**

ब्राजीलको रियो द जेनेरियोमा ब्रिक्स शिखर सम्मेलनको घोषणा-पत्रमा 22 अप्रैलको पहलगाम आतंकी हमलाको कडा निंदा गरिएको छ। यस हमलामा 26 जना मारिएको थियो। ब्रिक्स नेताहरुले सीमा पारबाट आतंकवाद, आतंकवादलाई संरक्षण अनि आतंकी गतिविधिहरुका लागि वित्त-पोषण सहित हरेक प्रकारका आतंकवादसित जुझ्ने प्रतिबद्धता दोहोरएको छ। घोषणा-पत्रमा आतंकवादलाई कुनै अवस्थामा पनि सहन नगरिने नीति सुनिश्चित गर्न आग्रह गरिएको छ। थप रिपोर्ट हाम्रो ब्योरा संवाददाताबाट-

Byte

**पीएम-ब्रिक्स सम्मेलन**

प्रधानमंत्री नरेन्द्र मोदीले बहुध्रुवीय र समावेशी विश्व व्यवस्थामाथि जोड दिनुभएको छ। ब्राजीलको रियो द जेनेरियो मा ब्रिक्स शिखर सम्मेलनको पहिलो सत्रमा प्रधानमंत्रीले भन्नुभयो, यसको शुरूआत वैश्विक संस्थाहरुमा व्यापक सुधारको साथ हुनु पर्नेछ। यस्तो उपाय केवल सांकेतिक होइन तरयसको वास्तविक प्रभाव स्पष्ट देखिनु पर्नेछ। श्री मोदीले प्रशासनिक व्यवस्था,

मताधिकार अनि नेतृत्व क्रममा बदलावको अपील गर्नुभयो। उहाँले नीति निर्माणमा अल्प विकसित अनि विकासशील देशहरुलाई उच्च प्राथमिकता दिने आग्रह गर्नुभयो। प्रधानमंत्री मोदीले स्पष्ट भन्नुभयो यी देशहरुलाई विकास, संसाधन वितरण अनि सुरक्षा संबंधी मामिलामा सधै दोहोरो नीतिको सामना गर्नु पर्दछ। हालसम्म यी देशहरुको हितलाई समुचित महत्व प्राप्त भएको छैन। प्रधानमंत्रीले भन्नुभयो वैश्विक संस्थाहरुमा यी देशहरुको समुचित प्रतिनिधित्व आवश्यक छ। उहाँले भन्नुभयो अनेक देश यस्तो छ जो वैश्विक अर्थव्यवस्थामा महत्वपूर्ण भूमिका निर्वाह गरे पछि पनि निर्णय प्रक्रियामा समुचित स्थानदेखि वंचित छन्। प्रधानमंत्रीले भन्नु भयो यी देशहरुलाई प्राथमिकता दिए केवल उनीहरुको सही प्रतिनिधित्व मात्रै होइन विश्वसनीयता अनि प्रभावकारिता बढ़नेछ। श्री मोदीले भन्नुभयो समुचित प्रतिनिधित्व नपाएको कारण जारी संघर्ष, महामारी र आर्थिक संकट तथा साइबर अनि अंतरिक्षको चुनौतिहरुको समय यी देश प्रभावी समाधान खोज्नमा विफल छ।

**प्रधानमंत्री-आउटरीच सत्र**

प्रधानमंत्री नरेंद्र मोदीले आज 17 औ ब्रिक्स शिखर सम्मेलनमा ब्रिक्स देशहरु अनि साझेदारहरुको साथ 'बहुपक्षवाद, आर्थिक-वित्तीय मामिला अनि आर्टिफिशियल इंटेलिजेंस' माथि आयोजित संपर्क सत्रमा भाग लिनु भयो। श्री मोदीले आफ्नो संबोधनमा अंतर्राष्ट्रीय सहयोग अनि बहुध्रुवीय विश्वका लागि उत्प्रेरकको रूपमा ब्रिक्सको महत्वमाथि जोड दिनुभयो। उहाँले न्यू डेवलपमेंट बैंक द्वारा संचालित परियोजनाहरुम मांग आधारित दृष्टिकोण र दीर्घकालिक वित्तीय स्थिरताको आग्रह गर्नुभयो। प्रधानमंत्रीले कृषि-जैव प्रौद्योगिकी र डिजिटल शिक्षा क्षेत्रमा भारतको पहल उल्लेख गर्नुभयो अनि ब्रिक्स विज्ञान र अनुसंधान कोष बनाउने आह्वान गर्नुभयो। उहाँले आउदो वर्ष भारतको आयोजनामा हुने **"एआई प्रभाव शिखर सम्मेलन"** का लागि ब्रिक्स साझेदार देशहरुलाई आमंत्रित गर्नुभयो।

**राजनाथ सिंह-नियंत्रक सम्मेलन**

रक्षामंत्री राजनाथ सिंह आज नयाँ दिल्लीमा नियंत्रक सम्मेलनको शुभारंभ गर्नुहुनेछ। रक्षा लेखा विभागले तीन दिनको यस सम्मेलनको आयोजन गरिएको हो। रक्षा मंत्रालयले बताए अनुसार सम्मेलन अवधि आठ कार्य सत्र हुनेछ जसमा बजट अनि लेखा सुधार, आंतरिक लेखा संरचना, सहयोगपूर्ण शोध, मूल्य निर्धारणमा नवाचार अनि क्षमता निर्माण जस्ता मुद्दा माथि विचार विमर्श हुनेछ। आत्मनिर्भर अनि प्रतिस्पर्द्धी रक्षा उद्योगका लागि रणनीतिक सहयोगका साथ वित्तीय विवेकको संतुलन राख्नमा एकीकृत वित्तीय सलाहकारहरुको बढ़दो भूमिकामाथि पनि विचार हुनेछ।

**बिहार - वैष्णव**

रेल मंत्री अश्विनी वैष्णवले आज बिहारको समस्तीपुरमा 17 करोड़ रुपियाँ भन्दा अधिकको निर्माण परियोजनाहरुको उद्घाटन गर्नुहुनेछ। सोनपुर रेल मंडलका वरिष्ठ वाणिज्य प्रबंधक रौशन कुमारले बताए अनुसार रेल मंत्रीले तीन करोड़ तीस लाख रुपियाँको लागतमा कर्पूरी ग्राम स्टेशनको उन्नयन कार्यको आधारशिला राख्नु हुनेछ। उहाँले स्टेशन नजिक लेवल क्रॉसिंगमा 14 करोड़ रुपियाँको लागतको अंडरपासको पनि आधारशिला राख्नु हुनेछ। यस कार्यक्रममा केंद्रीय कृषि राज्य मंत्री रामनाथ ठाकुर अनि पूर्व मध्य रेलवे अधिकारी पनि उपस्थित रहनु हुनेछ।

**जयशंकर-रूस विदेश मंत्री ब्रिक्स**

विदेश मंत्री डॉ. एस. जयशंकरले ब्राजीलमा ब्रिक्स शिखर सम्मेलन अवधि रूसका विदेश मंत्री सर्गेई लावरोवसित भेट गर्नुभयो। एक सोशल मीडिया पोस्टमा डॉ. जयशंकरले भन्नुभयो दुइ नेताहरुले द्विपक्षीय सहयोग, पश्चिम एशिया, ब्रिक्स र शंघाई सहयोग संगठनमाथि चर्चा गर्नुभयो।

**अमरनाथ-यात्रा**

जम्मूको भगवती नगर यात्री निवास आधार शिविरबाट आज आठ हजार छ सय पांच श्रद्धालुहरुको छैटौं जत्था कडा

सुरक्षा बीच श्रीअमरनाथ यात्राका लागि प्रस्थान गरेको छ। जसमध्ये तीन हजार चार सय 86 श्रद्धालु बालतल मार्गबाट अनि पांच हजार एक सय 19 श्रद्धालु पहलगाम मार्गबाट पावन गुफासम्मको यात्रा गर्नेछन्।

**सूरिनाम-नया राष्ट्रपति**

सूरीनामका संसदले हिज जेनिफर सायमंसलाई देशको पहिलो महिला राष्ट्रपति चुनेको छ। सूरीनामको सांसदले यस्तो समय सायमंसलाई राष्ट्रपति चुनेको छ, जब सत्तारूढ़ पार्टी र विपक्षलाई संसदीय चुनावमा लगभग बराबर सिट प्राप्त भएको छ। 25 मईमा भएको संसदीय चुनावमा सायमंसको विपक्षी नेशनल डेमोक्रेटिक पार्टीलाई 18 सीट र वर्तमान राष्ट्रपति चान संतोखीको प्रोग्रेसिव रिफॉर्म पार्टीलाई 17 सीट प्राप्त भएको छ। अन्य दलहरुले शेष 16 सीट जीतेको छ।

**इस्राइल-हमास वार्ता**

इस्राइल अनि हमासका शिष्टमंडलले कतारमा संघर्ष विराममाथि बातचीत शुरू गरेको छ। प्रस्तावित समझौतामा ६० दिनको संघर्ष विराम, दस इस्राइली बंधकहरुको रिहाई, मृत 18 बंधकहरुको पार्थिव शरीर फिर्ता र इस्राइलका जेलबाट फ्लीस्तीनी कैदिहरुको रिहाई सामेल छ।इस्राइलका प्रधानमंत्री बेन्यामिन नेतन्याहू अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रम्पसित बातचीतका लागि वॉशिंगटन जानुहुनेछ। उहाँले भन्नुभयो अमरीकी राष्ट्रपतिसित बातचीतले अधिक बंधकहरुको रिहाई अनि गाजामा संघर्ष विराम समझौतामा पुग्न सहयोग मिल्नेछ। उहाँले भन्नुभयो इस्राइली वार्ताकारहरुलाई स्पष्ट निर्देश दिइएको छ कि संघर्ष विराम समझौता इस्राइलको स्वीकृत शर्तमा हुन् पर्नेछ। अर्कोतिर हमासले संघष विराम प्रस्तावमाथि सकारात्मक प्रतिक्रिया दिएको छ, तैपनि अझै पनि धेरै मुद्दाको समाधान हुन बाकी छ।

**टेक्सास-बाढ़**

अमरीकाको टेक्सासमा अचानक आएको बाढ़का कारण मृत्यु हुनेहरुको संख्या 71 पुगेको छ, जसमा 21 बालबालिका सामेल छन्। ग्वाडालूप नदी नजिक एक ग्रीष्मकालीन शिविर- **कैंप मिस्टिक** बाट 11 बेपत्ता भएका युवतीहरु अनि एक काउंसलरको खोजि जारी छ। मूसलाधार वर्षाका कारण ग्वाडालूप नदीको जलस्तर अत्यधिक बढेको थियो।

**भारत इङ्गल्याण्ड क्रिकेट**

बर्मिङ्घमको एजबास्टनमा भएको एन्डरसन-तेंडुलकर ट्रफीको दोस्रो क्रिकेट टेस्टमा भारतले आयोजक इङ्गल्याण्डमाथि ३३६ रनको ऐतिहासिक जित दर्ता गरेको छ। यो जितले शृङ्खला १-१ को बराबरीमा ल्याएको छ। यस मैदानमा भारतको यो पहिलो टेस्ट जित हो। भारतले ५८ वर्षदेखि यस मैदानमा कहिल्यै टेस्ट म्याच जितेको थिएन।पाँचौं दिनको खेल वर्षाका कारण ढिलो भएको थियो।आकाश दीपले म्याचमा १० विकेट लिएर यो जितमा महत्वपूर्ण योगदान पुऱ्याए।

**चुनाव आयोग बिहार**

बिहारमा मतदाता सूचीको विशेष पुनरीक्षण कार्य मतदाताहरुको सक्रिय सहयोगले सुचारू रूपले चलिरहेको छ। चुनाव आयोगले एक बयानमा बताएको छ कि पुनरीक्षणको प्रारंभिक चरण लगभग पूरा भइसकेको छ।हालसम्म **एक करोड़ 69 लाख** भन्दा अधिक गणना फॉर्म प्राप्त भएको छ। फॉर्म अपलोड गर्ने काम पनि शुरू भएको छ।चुनाव आयोगले बताए अनुसार विशेष गहन पुनरीक्षण 24 जूनमा जारी निर्देश अनुसार भइरहेको छ अनि निर्देशमा कुनै बदलाव गरिएको छैन।

****** ० ******